स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



"द भ्वाईस अफ नेपाल सिजन ४" विजेता गायक करण राई र गायिका नितु पुनको स्वर रहेको गीत "काँडा भए नि" सार्वजनिक भएको छ । गीतमा थुप्तेन डुक्पाको शब्द र डम्बर नेपालीको सङ्गीत छ । गीतको भिडियोमा अभिनेत्री मलिका महतको अभिनय छ । अभिनयमा महतलाई गायक करणले नै सघाएका छन् । प्रेमी-प्रेमीकाको एक मिलनको संयोगमा तयार भएको भिडियोमा करण र मलिकाको डान्स पनि देख्न सकिन्छ ।

**आजको विचार...**



नेपाल... (दुई पेजमा)

राजेन्द्र गौतम



२०७२ सालमा गएको भूकम्पपछि अभिनेता सिताराम कट्टेल "धुर्मुस" सामाजिक कार्यमा सक्रिय भए । त्यसपछि उनको कलाकारिता यात्रा सुस्तायो । चितवनमा रंगशाला निर्माणको क्रममा भने उनले "सेन्टी भाइरस"बाट फिल्ममा कमब्याक गरेका थिए । यसमा उनी स्वयंको निर्माण थियो । तर, फिल्म नराम्रोसित डुब्यो । यसपछि उनले न फिल्म बनाउने आँट गरे न त कुनै फिल्ममा अभिनय गरे । क्रिकेट रंगशाला अलपत्र परेपछि विभिन्न आरोप खेप्दै आएका उनले गत वर्षदेखि स्टेज कार्यक्रममा भने उपस्थिति जनाउन थालेका छन् ।

❑ वर्ष ३० ❑ अंक ७१ ❑ २०८१ असोज ९ गते बुधबार 25 September 2024, Wednesday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# निहुरो बेचेरै घर खर्च

## सधैँभरि उस्तै प्रकारको तरकारी खाएर हैरानी परेकालाई नयाँ स्वाद लिन चाख्न निहुरो निकै मन पराउँछन् । आजभोलि कोसेलीका रुपमा समेत निहुरो बढी मात्रमा बुटवलदेखि काठमाडौँसम्म पठाउने गरिन्छ ।

**रासस**

**गुल्मी,** असोज ८/जिल्लाका केही विपन्न परिवारका मानिस निहुरो बिक्री गरेर घरमा नुन तेलको जोहो गरिरहेका छन् । भान्सामा तरकारी र अचारका रूपमा निहुरो खाने गरिन्छ । उनिउँ प्रजातिको यो वनस्पति डाँठे, झुसे र कान्ले गरी तीन प्रकारको निहुरो यहाँमा पाइन्छ ।

वर्षातका समयमा लेक क्षेत्रमा बसोवास गर्ने विपन्न परिवारका मानिसको दिनचर्या दिनभर जङ्गल र पाखामा निहुरो टिपेर बित्ने गर्छ । जिल्लाको पश्चिमी भेगका जङ्गल र खोल्साहरूमा प्रशस्त मात्रमा निहुरो पाइन्छ । दुई दिनको समय लगानी गरेर राम्रै आम्दानी गर्न सकिने भएका कारण त्यस क्षेत्रका विपन्न परिवार वर्षौंदेखि यो पेसा गर्दै आएका छन् । उनीहरू आफूले अघिल्लो दिन टिपेको निहुँरो दोस्रो दिन बिहानै विक्रीका लागि सदरमुकाम तम्घाससम्म आउने गर्दछन् । गुल्मीको अर्जै, घमिर, अर्खाबाङ, नेटा तथा हुवाङदीलगायत जङ्गलमा प्रशस्त मात्रमा पाइने निहुरोले विपन्न परिवारको आयआर्जनमा राम्रै सहयोग पुर्‍याएको छ । जङ्गलबाट टिपेर ल्याएका चिजको गाउँमा खासै महत्व नहुने भएका कारण उनीहरूले टिपेको



निहुँरो डोकोमा बोकेर बिक्री गर्न सदरमुकाम तम्घाससम्म ल्याउने गर्छन् । उत्पादन गर्न कुनै लगानी नलाग्ने भएका कारण जङ्गलमा एक दिन गरेको मेहनतका कारण राम्रो आम्दानी गरिरहेका छन् । उनीहरूले जङ्गलबाट टिपेर ल्याएको निहुरोलाई स-साना मुठा बनाएर बिक्रीका लागि बजारसम्म पुर्‍याउँछन् । एउटा डोकामा एक सय ५० मुठासम्म अटाउँछन् । यसरी एउटा मुठाको मूल्य सदरमुकाम तम्घाससम्म ल्याइपुर्‍याउँदा साना मुठाको ३० देखि ठूला मुठाको ५० सम्ममा बिक्री गर्ने गरेको गुल्मी धुर्कोट गाउँपालिका-५ की चन्द्रकली कुमाल बताउँन्छिन् ।

दिनभर जङ्गलमा जानुपर्‍यो, पानी परेका बेलामा पनि रुझ्दै टिप्नु पर्छ, जंगलमा जुका लागेर हैरान हुन्छ, जंगलमा सित्तै भेटिन्छ भनेर के गर्नु दुःख त कति छ कति',उनले भनिन् । चन्द्रकलीमात्र होइन, उनिजस्तै जंगलबाट टिपेर ल्याएको निहुरो बोकेर सदरमुकाम आइपुगेकी मीना राना आफूले ल्याएको निहुरो बिक्री गरेर घर फर्कँदा नुनतेल र साबुन किनेर लैजाने गरेको बताउँन्छिन् । उनले भनिन, 'घर खर्च चलाउन ठूलो राहत पुगेको छ ।' बर्खाको समयमा जंगलदेखि दुई दिनको समय खर्चेर सदरमुकामसम्म ल्याइपुर्‍याउन त्यति सहज भने छैन । तर पनि उनीहरूजस्तै अन्य व्यक्ति असारबाट भदौ अन्तिम सातासम्म यसरी जंगलबाट टिपेर ल्याएको तरकारीको डोको बोकेर सदरमुकामको बजारसम्म आइपुग्छन् । गुल्मीको निहुरो सदरमुकाम तम्घासमात्र होइन, अर्घाखाँचीदेखि बुटवलका बजारका तरकारी पसलसम्म पुग्ने गर्दछ ।

यहाँको निहुरोको बजारमा राम्रो माग छ । विषादी प्रयोग गरेका तरकारी खाँदाखाँदै हैरान परेका उपभोक्ताका लागि पहाडको लेकबाट टिपेर ल्याएको अर्गानिक निहुँरो खोजीखोजी लैजाने गर्दछन् । यसबाट अचार, तरकारी र चुकौनी लगायत परिकार बनाउन सकिने र निकै स्वादिलो हुने भएका कारण बजारमा यस्ता तरकारीको माग हुने गरेको छ । निहुरो बिक्री गरेर यस क्षेत्रका विपन्न परिवारले बर्खायाममा एक जनाले २० देखि ३० हजारसम्म आम्दानी गर्छन् । सधैँभरि उस्तै प्रकारको तरकारी खाएर हैरानी परेकालाई नयाँ स्वाद लिन चाख्न निहुरो निकै मन पराउँछन । आजभोलि कोसेलीका रुपमा समेत निहुरो बढी मात्रमा बुटवलदेखि काठमाडौँसम्म पठाउने गरिन्छ ।

**संक्षिप्त समाचार**

### एसईईको पूरकमा ५६.७८ प्रतिशत उत्तीर्ण

**पाल्पा,** असोज ८/यस पटकको माध्यमिक शिक्षा परीक्षा (एसइई) को ग्रेडवृद्धि परीक्षामा सहभागीमध्ये ५६.७८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले सोमबार प्रकाशन गरेको परीषाफल अनुसार पूरक परीक्षामा १ लाख १९ हजार चार सय २५ जना ग्रेड (पास) भएका हुन् ।

२ लाख १० हजार तीन २१ जनाले परीक्षा दिएको थिए । २०८० सालको एसइईमा नियमित परीक्षार्थीका रूपमा सम्मिलित भई ग्रेड प्राप्त गर्न नसकेका र अनुपस्थित भएका परीक्षार्थी ग्रेडवृद्धि परीक्षामा सहभागी भएका थिए । यसअघि असारमा सार्वजनिक भएको एसइईको नतिजामा ४८ प्रतिशत विद्यार्थी मात्रै उत्तीर्ण भएका थिए । त्यतिखेर ५० प्रतिशतभन्दा बढी परीक्षार्थी अनुत्तीर्ण भएर कक्षा ११ मा भर्ना हुनबाट वञ्चित भएपछि तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठको निर्देशनमा अनुत्तीर्ण सबै विद्यार्थीलाई ग्रेडवृद्धि परीक्षामा सहभागी हुन दिने निर्णय भएको थियो । यो परीक्षा २०८१ साउन २३ देखि ३१ सम्म सञ्चालन भएको थियो । परीक्षा नियन्त्रक कार्यालयका अनुसार ननग्रेड र अनुपस्थित विद्यार्थी ९० हजार ८ सय ८८ जना छन् । कार्यालयले ८ जनाको उत्तरपुस्तिका रद्द गरेको छ । ३.६१ देखि ४ जीपीए ल्याउने १८ जना छन् । जीपीए १.६ देखि २.० ल्याउने ६४ जना, जीपीए २.०१ देखि २.४ ल्याउने १९ हजार ४ सय ९६ जना, जीपीए २.४१ देखि २.८० ल्याउने ७४ हजार ४ सय ६ जन छन् । जीपीए २.८१ देखि ३.० ल्याउने २३ हजार ६ सय २३ जना छन् । त्यस्तै जीपीए ३.१ देखि ३.६ ल्याउने १ हजार ५ सय १८ जना छन् ।

## थारू महिलाहरुको जितिया पर्व




**पाल्पा,** असोज ८/तराईका थारू समुदायका महिलाहरुले मंगलबारदेखि जितिया पर्व मनाइरहेका छन् । सन्तानको दीर्घायु, सुखसमृद्धि र मनोकामना पूर्ण गराउन तराईका थारुसहित अन्य समुदायका महिलाले पहिलो नदी, तलाउमा नुहाएर जितमहानको पूजा गरी जितिया सुरुवात गरेका हुन् ।

पहिलो दिन नुहाए खाने दिन, दोस्रो दिन आज ब्रत र भोली समापन गरिदै छ । पर्व सुरु भएसँगै तराईका गाउँघरमा जितियाको रौनक छाएको छ । जितियामा छोरी, चेली दिदीबहिनीहरू माइतमा आएका छन् भने माइत आउन नसक्नेहरू घरमै जितियाको ब्रत प्रारम्भ गरेका छन् । वर्तालु महिलाले पहिलो दिन स्थानीय जलासयमा गएर स्नान गरी घिरौँलाको पातमा पिना (खैर) र माटो चढाउने गर्छन् । पर्वको दोस्रो दिन अर्थात अष्टमीका दिन वर्तालु महिलाहरु निराहार उपवास बस्नेछन् ।

उपवासका दिन महिलाहरु गाउँको एकै ठाउँमा जम्मा भई भगवान जितवाहानका कथा श्रवण गर्ने तथा गीत भजन गाउने चलन रहेको छ । जितियाको अन्तिम तथा पारन (समापन)को दिन वर्तालु महिलाहरु पुनः नदी, पोखरी तथा जलासयमा स्नान गरी घरमा आएर चौका लगाई उक्त पवित्र स्थानमा दही तथा सखरको प्रसाद बनाई चढाउने गर्छन् र जितिया पर्वको समापन गर्ने गर्छन् ।

## मौसममा फेरि बदली, शनिबारसम्म वर्षाको सम्भावना




**सीमा भट्टराई**

**पाल्पा,** असोज ८/केही दिन सुधार आएको मौसममा फेरि बदली भएको छ । जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाका अनुसार मंगलबारदेखि आगामी शनिबारसम्म मौसममा बदली रहने भएको हो ।

देशभरको मौसममा बदलाव आई विभिन्न स्थानमा मेघगर्जन/चट्याङ र हावाहुरीसहित वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ । महाशाखाले सोमबार विशेष मौसम बुलेटिन सार्वजनिक गर्दै बंगालको खाडीबाट प्रवाह हुने जलवाष्पयुक्त हावाको प्रभावका कारण मंगलबार दिउँसोदेखि देशभर आंशिकदेखि साधारणतया बदली रही केही स्थानमा मेघ गर्जन/चट्याङसहित हल्का वर्षा तथा केही स्थानहरूमा मध्यदेखि भारी वर्षाको सम्भावना रहेको उल्लेख गरेको छ । लुम्बिनी प्रदेशका पश्चिमी भू-भाग तथा सुदूरपश्चिम प्रदेशका तराईका अधिकांश स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षा तथा केही स्थानमा मध्यम र एक/दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको बताइएको छ । जारी बुलेटिनमा सुदूरपश्चिम तथा लुम्बिनी प्रदेशका बाँकी भूभाग, कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम तथा मधेस प्रदेशका एक/दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ । बुधबार देशभर आंशिकदेखि साधारणतया बदली रही सबै प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ ।

सुदूरपश्चिम प्रदेशका धेरै तथा कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको छ । सुदूरपश्चिम प्रदेशका एक दुई स्थानमा धेरै भारी वर्षाको सम्भावना रहेको छ । कोशी, बागमती, गण्डकी, लुम्बिनी प्रदेशका तराई तथा मधेश प्रदेशका केही स्थानहरुमा हावाहुरीको समेत सम्भावना रहेको छ । साथै बिहिबारदेखि शनिबारसम्म पनि देशभर साधारणतयादेखि पूर्णतया बदली रही देशका अधिकांश स्थानहरुमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै तथा कोशी प्रदेशका एक/दुई स्थानमा भारी देखि धेरै भारी वर्षाको पनि सम्भावना रहेको छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## राजनीतिक अस्थिरताको दुश्चक्र

नेपाली राजनीतिक वृतमा व्यापक अस्थिरता मौलाएको छ । यसको सही र समयमा दीगो उपचार खोजिएन भने दिन प्रतिदिन समस्याहरु थपिदै जाने बाहेक केही पनि हुन सक्दैन । समयको गति र जनताको सोंच अनि आमजनताको चहानालाई मध्यनजर गरेर अगाडि बढ्नुको कुनै पनि विकल्प छैन् अब दलहरुसँग । महँगीले नेटो काटेको छ । वैदेशिक रोजगारीमा जानेहरुको संख्या वृद्धि भए पनि प्राप्त हुने विप्रेषाण कम हुँदै जानु भनेको कमाउन गएकाहरुले जहाँ गए त्यही लगानी गरेका छन् भन्ने संकेत हो । विदेशी संचित मुद्राको आकार कम हुँदै जाने अवस्थाबाट पार नलाग्दै, राजनीतिक अस्थिरताको शिकार भएका दलीय कतिपय नेताहरुका आचरण माथि लागेको दागलाई मेट्न समेत धौं धौ भएको अवस्थामा मुलुक कसरी समृद्ध बन्न सक्छ त भन्ने कठोर जिज्ञासा आम सर्वसाधारणमा व्याप्त छ ।

प्रधानमन्त्रीको अमेरिका भ्रमणका क्रममा त्यहाँ विभिन्न खालका उत्ताउँला गतिविधिले गर्दा पनि नेपालको गरिमा विश्वरङ्ग मञ्चमा अत्यन्त्यै दुर्लभ भएको अनुभूति भएको छ । जे भए पनि त्यसलाई दूतावासले विज्ञप्तिवाजी गरेर हल्ला फैलाउँने कार्य गर्नु आफैमा निकृष्ठताको मार्ग दर्शन बाहेक केही पनि हुन सक्दैन । प्रधानमन्त्रीका हरेक कार्यक्रम स्थगन गर्ने कार्यले देश र जनताप्रति ठूलो अपमान भएको महशुस भएको छ ।

नेपालका राजनेताहरुको दैनन्दिनीमा देखिएको अराजकता र अनैतिक क्रियाकलापले गर्दा पनि यी र यस्ता समस्याहरु बढ्दै गएका हुन् । कानूनी दायरामा ल्याउँन खोज्दा दलीय प्रेसर बढ्ने अनि घेरावन्दी गर्ने जस्ता क्रियाकलाप नै मुलुकको राजनीतिक स्थिरताको बाधक हुने बाहेक केही पनि हुन सक्दैन । सहकारी ठगीमा संलग्न केही व्यक्तिलाई कारवाही गर्ने तयारी गरेकै बेला दलीय बचावटका कारण नेताहरुलाई कारवाहीको दायरामा ल्याउन नसक्नु पनि आफैमा गैरजिम्मेवारीको अवस्था हो । रविका समर्थकहरु रविलाई बचाउ गर्दै गर्दा देशको कानून कार्यान्वयन कहाँ र कसरी सम्भव छ भन्ने प्रश्न प्रत्येक नेपालीको मानस्पटलमा रही रहन्छ । दोषी जो र जति सुकै शक्तिशाली भए पनि उन्मुक्ती पाउँनु हुँदैन भन्ने मानसिकताको शिकार भई रहेको खण्डमा यी र यस्ता समस्याहरु समाधानमा समय लाग्न सक्छ । गलतलाई गलत र सहीलाई सही भन्ने मानसिकताको विकास नहुँदासम्म मुलुकले स्थिरताको बाटो पहल्याउँन सक्दैन् भन्ने कुरा सबैमा चेतना हुन जरुरी छ ।

### Opinion @ Social Network

"माया" प्रेमले चल्ने त फिल्म मात्र हो !
जीवन चलाउन त "संघर्ष" गर्नु पर्छ !!
*(पदम थापाको फेसबुक स्टाटसबाट www.facebook.com//thapa.padam)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपाल पत्रकार महासंघको संकटमोचनका चार उपाय



**राजेन्द्र गौतम**

> *जिल्ला जिल्लाबाट सदस्यता शुल्क नआएकोले चुनाव भएन भन्ने तर्क हावादारी हो । यस्तो हाँस्यास्पद तर्क गर्न पत्रकार महासंघ र वैचारिक संगठनका नेतालाई किमार्थ सुहाउन्न । अहिले विपुल पोखरेलले नै हस्ताक्षर गरेको नाम थपघट गरेर अर्को हस्ताक्षरसहितको मतादाता नामावली सार्वजनिक गरिएको छ । के अहिले सबै जिल्लाबाट सदस्यता शुल्क आयो त ? निश्चय नै आएको छैन । पत्रकार महासंघको निर्वाचनले रोकिने विषयनै होइन । यो त देखाउने र सबै सदस्यमाथि चलाउने अस्त्रमात्रै हो । गुह्य सत्य र यथार्थ अर्कै छ, त्यो भनेको भावी नेतृत्व कसले पाउने र लिने भन्ने हो । पक्तिकारलाई विपुलसँग नलिनु छ, नदिन नै । त्यसकारण विपुललाई मात्रै दोष दिने नकाम नगरौं । पछिल्लो नामावली सार्वजनिक भएसँगै स्वार्थको विद्रुप पाटो पटाक्षप भएको छ । हरेक व्यक्तिका गुण र दोष हुन्छन् ।*

नेपाल पत्रकार महासंघ अहिले इतिहासकै संगीन संकटबाट गुज्रिएको छ । यो स्वसिर्जित नभई जानाजान निम्त्याइएको संकट हो । यसको मोचन पनि त्यही तहबाट हुनुपर्छ । त्यसका लागि दृढ इच्छाशक्ति जरुरी छ । एकले अर्कालाई दोष लगाएर आफ्नो नाउ आफ्नै धुनमा ख्याउने हो भने त्यस्तो नाउ ख्याउनेहरूको नाममा कलंकको कालो धब्बा लाग्नेछ । अहिले नेपाल पत्रकार महासंघको जग हल्लिएको छ । नेपाली पत्रकारिताको विरासत धरमराएको छ । त्यसकारण दुनियाँका सामु कुरीकुरीको लाज छोप्ने दुस्प्रयास गर्नुभन्दा समस्या समाधानको इमानदार प्रयास गर्नुपर्छ । जसले विद्यमान समस्याको सहज निकास र समाधान दिन्छ । यसका लागि सबैले सबैखाले स्वार्थ र लोभ त्याग्नै पर्छ ।

नेतृत्व सिर्जित समस्याको निकास सम्भव छ ? उसोभए के हो त समाधान ? यो आलेखमा म खैंलाचीमा सिर्जना गरिएको समस्याको उपर्युक्त र सही समाधान सुझाउँदै छु । पहिलो कुरा पत्रकारका वैचारिक संगठन र तिनको नेतृत्व गर्ने 'नेता' हरूले राजनीतिक दलको टाङमुनी छिर्ने असोभनीय कर्म त्याग्नुपर्छ । त्यो भने जस्तो र त्यति सजिलो छैन तर अफ्ठ्यारो परेपछि नगरी हुँदैन ।

दोस्रो कुरा अहिले सार्वजनिक भएको नामलाई नै आधिकारिक मतदाता नामावली मानेर असोज १२ मा नै तीनै तहका निर्वाचन गर्ने र नयाँ नेतृत्वलाई जिम्मेवारी सुम्पने । यसमा पत्रकारका सबै वैचारिक संगठन सहमत नहुन सक्छन् । सहमत हुन नसक्दा नै महासंघको गर्बिलो इतिहासमा धब्बा लाग्ने अवस्था आएको हो । महासंघ वैधानिकता गुमाउने आखिरी क्षणमा पुगेको । नेपाली पत्रकारका आबद्ध वैचारिक संगठन र तिनका नेताले हेक्का पुऱ्याउन नितान्त जरुरी छ, घर रहेमात्रै घरमा सुरक्षित बस्ने हो । नत्र बगरमा बग्रेल्ती बन्ने नै हो । असोज १२ मा निर्वाचन गर्न गठित अध्यक्ष मण्डल र निर्वाचन समितिलाई बिनासर्त स्वीकार्ने तागत र ल्याकत राख्न सक्नुपर्छ । अब असोज १२ मा निर्वाचन गर्ने कुरा असम्भव छ । यो चाहिँ गर वा मरको अवस्थामा गर्ने कर्म हो ।

जो स्वार्थहीन मस्तिष्कले मात्रै स्वीकार्न सक्ने विषय हो । तेस्रो कुरा २०७७ सालको नामावलीलाई नै यसपटकका लागि अन्तिम आधिकारिक मतदाता नामावली मानेर निर्वाचनमा जाने । निर्वाचनबाट छानिएको नयाँ नेतृत्वलाई शुद्धीकरणको उपर्युक्त समाधान गर्न अधिकार प्रत्यायोजन गर्ने । यो पनि स्वार्थमा निर्लिप्त वैचारिक संगठनका नेताहरूले स्वीकार गर्न सक्दैनन् । किनकि, यहाँ स्वार्थको अजंगको पहाड छ, स्वार्थ बाझिन्छ । स्वार्थ बाझिएकै कारण महासंघको प्राण धुकधुकीको अवस्थामा पुऱ्याइएको हो । यति भनौं, पत्रकार महासंघको प्राण कोमामा धकेलिएको, पुऱ्याइएको हो । यो तथ्यसहितको सत्य हो । यो भन्न कसैले हिचकिचाउनै पर्दैन । बिर्सन नहुने अर्को कुरा पनि आमनेपाली पत्रकारका सामु छ । त्यो हो पत्रकार महासंघलाई मरेतुल्य बनाउने शुद्धीकरणको विषय । शुद्धीकरणको विषय किन र केका लागि ल्याइएयो, त्यो पुष्टि हुन सकेन । चारपटक मिति तोक्दा, सार्दा पनि चुनाव हुने वातावरण नबनेपछि आमपत्रकारले बुझ्नुपर्छ, यो स्वार्थ प्रेरित कर्म थियो । पर्दामा देखिएको शुद्धीकरणको विषयमा एउटा संगठनले अर्कोलाई खुइल्याउने र सक्ने भन्ने गुफय स्वार्थ लुकेको थियो, छ । तर शुद्धीकरण आफैंमा गतत थिएन र होइन । यो नेपाली पत्रकातितामा जरुरी छ । आगामी दिनमा गर्नै पर्छ । अब आउने नेतृत्वको थुप्रै कार्यभारमध्येको महत्वपूर्ण कार्यभार नै हो । यो जति अप्रिय भए पनि नेपाली पत्रकारिताको साख जोगाउन शुद्धीकरण जरुरी छ, गर्नै पर्छ ।

अब रह्यो चौथो कुरा, यो वैज्ञानिक र व्यावहारिक उपाय हो । यो उपाय समात्न र अंगिकार गरियो भने सबै कुरा सहज हुन्छ । समस्याको समाधान सम्भव छ । तुच्छ स्वार्थ राखिएन भने समय पनि पर्याप्त हुन्छ । यो गर्न कुनै अफ्ठ्यारो छैन । तर, हरेक समस्याको समाधान हुन्छ भन्ने मान्यताका साथ काम गर्नुपर्छ । हरेक समस्याले समाधान आफैंसँग बोकेर ल्याएको हुन्छ भन्ने बुझ्न नसक्दा यो विकराल अवस्था आएको हो । चौथो उपायमा जाँदा सबै स्वार्थ समूहका बीचमा सहमतिको बिन्दु खोज्ने साझा धारणा बनाएर सहकार्य गर्ने आधार तयार गर्न सकिन्छ । र, कोमामा पुगेको महासंघलाई नर्मल बेडमै राखेर प्राण भर्न सकिन्छ । भनौं, महासंघ विघटनको अवस्थाबाट जोगाउन सम्भव छ । त्यसो भए किन नगर्ने त र महासंघको धरोहर र विरासत जोगाउन त्यही गरौं । यो अन्तिम र उपर्युक्त उपाय हो । यो अन्तिम र उपर्युक्त उपाय भनेको ७७ वटै जिल्लाका महासंघ अध्यक्ष र सत प्रदेश अध्यक्ष, एसोसिएट अध्यक्षहरूको राष्ट्रिय भेला वा सम्मेलन गर्ने । त्यो काम असोज २५ सम्मभित्र गरिसक्नुपर्छ । त्यो भेला वा सम्मेलनको हलले छ महिना पत्रकार महासंघको आयु बढाउन सक्छ । त्यो बढी नै वैधानिक हुन्छ । यसमा आकार र स्वरूप अनुसार सबैको सहभागिता हुने भएकाले स्वार्थ समूहको लाससा पनि केही हदसम्म पूरा हुन्छ । सबैले बुझ्नुपर्छ, यो सदस्यको संख्या जोडघटाउ गर्ने समय होइन, महासंघको स्वास्थ्य जोगाउने समय हो ।

यही भेलाले निर्वाचनको नयाँ मिति तोक्ने र त्यही मितिमा चुनाव गरेर नयाँ नेतृत्वलाई महासंघको बागडोर सुम्पने । भेलाले सर्वपक्षीय सहमति जुटाएर निर्णय लिन सक्छ । नेपाल पत्रकार महासंघलाई जीवित राख्ने हो भने यही बिकल्प उत्तम विकल्प पनि हो । यसो गरियो भने आउँदो निर्वाचित समितिले शुद्धीकरणको विषयलाई मूल कार्यदिश बनाएर अघि बढ्न सक्छ । यसले पत्रकार महासंघको श्वेत इतिहासलाई बचाउन सम्भव छ । यो पनि नगर्ने हो भने लगभग दशकऔं लामो नेपाल पत्रकार महासंघको वैधानिक अवसानमा दुःखको आ-आफ्नो डम्फु बझाएर रमाउनुको विकल्प नै छैन ।

यी चार विकल्प सुझाएपछि अहिलेको अवस्था आउनुका गुफय कारणको उत्खनन् गर्न जरुरी छ । यसको चर्चा गरिएन भने फेरि पनि पत्रकार महासंघको गरिमामा यसरी नै प्रहार हुन्छ । र, स्वार्थको घन बझारिन सक्छ, बझारिनेछ । पत्रकारका सबै वैचारिक संगठनमा नेतृत्वको लोभ जाग्यो । अध्यक्ष आफैं हुनुपर्ने आफूले नपाए आफ्नो संगठनले नै नेतृत्व पाउनु पर्ने लोभको सिकार महासंघ बनेको हो । जसले समस्या मात्र गरेन महासंघको हालत गऱ्यो । 'म नै अध्यक्ष हुनुपर्छ' भन्ने संकृर्ण स्वार्थले महासंघको यो हविगत भएको यथार्थबाट कोही पनि अनविज्ञ छैन । बोल्नु, नबोल्नु चाहिँ तिनै स्वार्थी मन र मस्तिष्कको निर्णय हो । नेपाल पत्रकार महासंघमा राजनीतिक प्रभाव पऱ्यो । त्यसकै गुट, अनुहार हाबी भयो । जसले पत्रकार महासंघलाई यो दूरावस्थामा पुऱ्याएको हो । त्यसैले नेता पत्रकारमा अब दल र तिनका नेताको दाहिने हात बन्ने होड त्याग्ने दृढ इच्छा शक्ति जरुर चाहिएको छ । तोकिएको मितिमा निर्वाचन हुन नसक्नुको दोष विपुल पोखरेललाई मात्रै दिन मिल्दैन । विपुल त पर्दामा देखिएका निरीह एकपात्र मात्रै हुन् । वैचारिक रूपमा उनी निकट संगठनका नेता र अन्य संगठनका नेता उनीभन्दा सयौं गुणा बढी दोषी छन् । कसको भागमा दोषको अंश कति पर्छ, त्यो उसको संगठनको आकार, नेताले निर्वाह गरेको भूमिका र व्यवहारमा भर पर्छ । विपुल अक्षम थिए र महासंघको चुनाव नहुनुमा उनीमात्र दोषी र जिम्मेवार थिए भने उनले राजीनामा दिएपछि चुनाव हुनुपर्थ्यो, हुन्थ्यो । समस्या जटिल बन्यो तर निर्वाचन भएन । निर्वाचन नहुनुले अरू पनि दोषी छन् भन्ने प्रमाणित गर्छ, हुन्छ । योभन्दा दोषको भरपर्दो अर्को प्रमाण अरू नै हुँदैन, छैन ।

जिल्ला जिल्लाबाट सदस्यता शुल्क नआएकोले चुनाव भएन भन्ने तर्क हावादारी हो । यस्तो हाँस्यास्पद तर्क गर्न पत्रकार महासंघ र वैचारिक संगठनका नेतालाई किमार्थ सुहाउन्न । अहिले विपुल पोखरेलले नै हस्ताक्षर गरेको नाम थपघट गरेर अर्को हस्ताक्षरसहितको मतादाता नामावली सार्वजनिक गरिएको छ । के अहिले सबै जिल्लाबाट सदस्यता शुल्क आयो त ? निश्चय नै आएको छैन । पत्रकार महासंघको निर्वाचनले रोकिने विषयनै होइन । यो त देखाउने र सबै सदस्यमाथि चलाउने अस्त्रमात्रै हो । गुफय सत्य र यथार्थ अर्कै छ, त्यो भनेको भावी नेतृत्व कसले पाउने र लिने भन्ने हो । पंक्तिकारलाई विपुलसँग नलिनु छ, नदिन नै । त्यसकारण विपुललाई मात्रै दोष दिने नकाम नगरौं । पछिल्लो नामावली सार्वजनिक भएसँगै स्वार्थको विद्रुप पाटो पटाक्षप भएको छ । हरेक व्यक्तिका गुण र दोष हुन्छन् । सर्वगुण सम्पन्न मानिस कोही पनि छैन । विपुल त्यो दोषको भागिदार अवश्य हुन् र छन् । अब त्यसमा पटक्कै नअल्झौं । आ-आफ्नो दोषको भागिदार बनेर महासंघको श्वेत इतिहास संरक्षणमा जुटौं, त्यो नै अहिलेको एकमात्र आवश्यकता हो । ***(लेखक : नेपाल पत्रकार महासंघ झापा सदस्य समेत हुन ।)***

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मान प्रतिष्ठामा वृद्धि होला । समाजिक कार्यमा मन जानेछ । | **तुला** : भाग्यले विभिन्न अवसर जुराउनेछ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । |
| **वृष** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । | **वृश्चिक** : बन्न लागेको काम बिग्रिनेछ। अधिकार प्राप्तिका लागि संघर्ष गर्नुपर्ला। |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । चलाखीपूर्ण बोलीले कार्य सिद्ध हुनेछ । | **धनु** : दैनिक कार्यमा प्रगति हुनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ। |
| **कर्कट** : आँटेको काम बिग्रनेछ । आफूलाई कमजोर भएको अनुभूति हुनेछ । | **मकर** : शत्रुमाथि विजय प्राप्त हुन सक्छ । कृषिक्षेत्रका काममा मन जानेछ। |
| **सिंह** : आफन्तको प्रगतिमा मन रमाउने छ। विशिष्ट व्यक्तिको सहयोग पनि पाइनेछ। | **कुम्भ** : समाजसेवामा मन लाग्नेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । |
| **कन्या** : लाभदायक योजना बन्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । | **मीन** : सोचेजस्तो प्रगति गर्न धेरै समय दिनुपर्ला, तर मन्दिरको भ्रमण हुनसक्छ। |

## कला मनोरञ्जन

# फूलपाती भिडन्तबारे जितु नेपाल



अभिनेता तथा हास्य कलाकार जितु नेपालले दशैंको फूलपातीमा 'छक्कापञ्जा ५' सँग आफू अभिनित फिल्म 'ज्वाइँ साब' जुधेकोबारे प्रतिक्रिया दिएका छन् । उनले संगोगवश फिल्म जुध्न गएको भन्दै अहमताको कारण फिल्म जुधाउन ल्याएको भन्ने चर्चाको खण्डन प्रयत्न गरे । उनले 'छक्कापञ्जा' ब्राण्डको रुपमा रहेको र दीपकराज गिरी नेपाली फिल्मको स्तम्भ रहेको भन्दै प्रशंसा समेत गरेका छन् । आफू अभिनित पछिल्लो फिल्म 'ज्वाइँ साब' को गीत सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा कलाकार नेपालले आफ्नो धारणा औपचारिक रुपमा राखेका छन् ।

*'छक्कापञ्जा' दशैंमा आउने भएपनि त्यो पनि एउटा अप्सन छ । किनभने दुइटा च्वाइस पनि हुन्छ, तपाईंहरुको इच्छा छ भने भन्नुभयो । त्यसपछि यो प्रस्ताव उहाँ निर्मातामा गयो । उहाँ अस्ट्रेलियामा हुनुहुन्थ्यो । उहाँले पनि जुन टेन्सन लिएर फिल्म बनाएको छु, त्यसलाई फागुनसम्म कुर्नुपर्ने हुन्छ ।*

**पत्रकार सम्मेलनमा जितुले के भने ?**

'मुख्य कुरा, कहीं पनि दीपकजी, केदारजीबाट, दीपा दिदीबाट, कहींबाट कुनै खालको प्रतिक्रिया केही नराम्रो छैन । अस्ति बोर्ड अध्यक्ष दिनेश डिसी दाइ हुँदा भेट भयो, सौहार्दपूर्ण ढंगमा गफ गर्‍यौं । तर मिडियामा जितु र दीपकको इगोको कारण फिल्म जुधाए भन्ने कुरा आएको छ । डेफिनेट्ली यो होइन । निर्माता यहीं हुनुहुन्छ, उहाँ अस्ट्रेलियामा हुनुहुन्थ्यो । यो मुभी तिहारमा गर्ने भन्ने एकप्रकारको कुरा थियो । तिहारमा हिन्दी फिल्म पनि दुईटा, नेपाली फिल्म पनि दुईटा गरेर चारवटा हुने भए । वितरकसँगको सल्लाहमा यो फिल्म अहिले दशैंमा नलाग्ने भए, फागुनतिर रिलिज गर्ने कुरा भयो । फागुनमा पनि गएर अर्को फिल्मसँग जुध्ने भयो । त्यतिबेला '१२ गाउँ'को कुरा थिएन । 'छक्कापञ्जा' दशैंमा आउँछ, दशैं ठूलो चाड पनि हो । 'छक्कापञ्जा' दशैंमा आउने भएपनि त्यो पनि एउटा अप्सन छ । किनभने दुइटा च्वाइस पनि हुन्छ, तपाईंहरुको इच्छा छ भने भन्नुभयो । त्यसपछि यो प्रस्ताव उहाँ निर्मातामा गयो । उहाँ अस्ट्रेलियामा हुनुहुन्थ्यो । उहाँले पनि जुन टेन्सन लिएर फिल्म बनाएको छु, त्यसलाई फागुनसम्म कुर्नुपर्ने हुन्छ । फागुनसम्म कुर्ने अनि त्यसमा पनि अर्को फिल्मसँग जुध्ने भनेपछि त दशैं भनेको चाड हो, हामी पनि दशैंमा जाऊँ भनेर उहाँले यो डिसिजन गर्नुभएको हो । यो कुरा थाहा पाएपछि मैले निर्देशक, निर्माताज्यूसँग दशैंमा कन्फर्म हो त ? त्यो डेटमा आउँदा यस्तोउस्तो हुन्छ भनेर भनेको हुँ । उहाँले दशैंमा आऊँ, दुईटा फिल्म त चलिहाल्छ नि दशैंमा भन्नुभयो । हरेक कुराको च्वाइस हुन्छ । हामी हलमा छौं, यहीं तल रेस्टुरेन्ट पनि छ । विभिन्न खालका मेन्यु र भेराइटी छन् । कोहीलाई के मनपर्छ, कोहीलाई के मनपर्छ । सिनेमामा पनि त्यस्तै हो । छक्कापञ्जा चाहनेले त्यसलाई हेर्नुहुन्छ किनभने त्यो हेरिराखेको चीज हो, ब्राण्ड हो । होइन, अलिकति यसको पनि हेर्दिऊँ न भन्नुहोला । अथवा, दुईटै हेर्छु भन्नुहोला । यसकारण लगाऊँ न त उहाँले भनिसकेपछि म त एउटा कलाकार न हो, म त एउटा खेलाडी हो । यो फिल्म यतिबेला लगाउनुपर्छ भनेर तपाईंले भनेर साइन गरेको त छैन । यो फिल्ममा मैले निर्देशकले भनेअनुसार काम गर्छु, टाइम दिन्छु भनेर साइन गरेको छु । लगाउने भन्ने कुरा त निर्देशकको हो, निर्माताको हो । जितुको इगोको कारणले जुध्न आयो, दीपकसरह हुन खोज्यो, दीपकहरुलाई पछार्न खोज्यो भन्ने खालको कुरा आएका छन् । यो कदापि होइन । कुनै हालतमा सूर्यलाई हत्केलाले छेक्न सक्दैन । दीपकराज गिरीजी भनेको फिल्म इन्डस्ट्रीको खम्बा हो जसले ७-८ वटा ब्लकबस्टर मुभी दिइसक्नुभयो ।

यसकारण छक्कापञ्जाको ब्राण्डसँग हामीले कुनै त्यस्तो गरेका छैनौं । त्यसरी आएको पनि होइन । खाली एउटा सञ्जोगले डेट नमिलेकाले, दशैं एउटा महान् चाड भएकाले आएका हौं । इगो केही छैन, छक्कापञ्जा पनि मेरै फिल्म हो । म त्यहींबाट आएको हुँ । आज म यहाँ उभिरहँदा मैले छक्कापञ्जालाई बिर्सनु हुँदैन । त्यही छक्कापञ्जा, ६ एकान ६, वडा नम्बर ६ थियो र न आज जितु नेपालले आज एउटा नायक हुने अवसर पायो । यसकारण त्यो गुन मैले कहिल्यै पनि बिर्सन्न । म अहिले पनि भन्छु- च्वाइसअनुसार दर्शक अलिकति यताउता होलान् । तर छक्कापञ्जाको ब्राण्ड कहिल्यै पनि हच्किदैन । छक्कापञ्जा र १२ गाउँ पनि हेरुन् । हाम्रो पनि हेर्नुहोला ।'

*-अनलाइन खबर डटकम*

**मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको श्रेस्ता कायम नामसारी सम्बन्धी ३५(पैंतिस) दिने हकदावी गर्न आउने सार्वजनिक सूचना**

*मिति २०८१/०६/०८*

उप्रान्त पाल्पा जिल्ला सा. ज्यामिरे-१ हाल निस्दी ७ निवासी धन ब. सोमै, किमीसरा सोमै र खेम बहादुर सोमैले 'आफ्नो बाबु/ससुरा/हजुरबुबा मान बहादुर सोमैको (ना.प्र.मा मान बहादुर थापा) मिति २०७५/०६/०७ मा मृत्यु भएको, निजको पत्नी पविसरा सोमैको समेत मिति २०६२/०२/१९ मा मृत्यु भएको तथा निज दम्पतीका ३ भाई छोराहरु रहेकोमा जेठो जीत बहादुर सोमैको २०४५/०३/१७ मा मृत्यु भएको, निजको एकमात्र पत्नी तुल कुमारी सोमै रहेकोमा निज दोस्रो विवाह गरी अन्यत्र गएको, निज दम्पतीबाट १ छोरा खेम बहादुर सोमै र १ छोरीको जन्म भएकोमा छोरीको विवाह भैसकेको, माहिलो छोरा धन बहादुर सोमै जिवीतै रहेको, कान्छो छोरा टेक बहादुर सोमैको समेत २०७४/०३/१९ मा मृत्यु भएको निजको एकमात्र पत्नी किमीसरा सोमै रहेको । मृतक ज.ध. मान ब. सोमैका नाउँमा दर्ता कायम रहेका ज्यामिरे गा.वि.स १ का कि.नं. १४५, १८३, १८९, १९६, २२४, २५२, ३२४, ३२६, ३७०, ६११, ६१५, ६१९ र १८७ को जग्गाहरु भएकोमा आफुहरुले नै हकभोग गरिरहेका र श्रेस्ता कायम नभएको तथा ज.ध. पूर्जा हराएको हुँदा उक्त कि.नं. का जग्गाहरु मृतक ज.ध. मान ब. सोमैका नाममा श्रेस्ता कायम गरी हामी निवेदकहरु निजको मृत्युपछिको नजिकको हकदार भएको हुँदा उक्त कि.नं. का जग्गाहरु हामी निवेदकहरुका नाममा नामसारी गरिपाउँ साथै जग्गा धनी प्रमाण पूर्जा हराएको हुँदा उपलब्ध गराइ पाउँ भनी निवेदन दिनुभएको सम्बन्धमा, यसमा माथि उल्लेखित कि.नं. १४५, १८३, १८९, १९६, २२४, २५२, ३२४, ३२६, ३७०, ६११, ६१५, ६१९ र १८७ का जग्गाहरु मान बहादुर सोमैको (ना.प्र. मा मान बहादुर थापा)ले अन्यन्त्र बेचविखन वा अन्य तरिकाले हकहस्तान्तरण गरेका छन् या छैनन् ? निजको मृत्यु भएको हो या होइन ? निज मृतकको शेषपछिको हकदार को को हुन् ? निवेदकहरु बाहेक अन्य हकदार छन् या छैनन् ? निज ज.ध. का अविवाहित छोरीहरु छन् वा छैनन् ? ज.ध.प्रमाण पूर्जा हराएको हो या होइन ? हाल उक्त कि.नं. का जग्गा कसले भोगचलन गरिरहेको छ ? यी निवेदकहरुले हकभोग गरेका छन् छैनन् ? ज.ध. पूर्जा, र ना.प्र. मा ज.ध. को नाम मान बहादुर सोमै र मान बहादुर थापा भएकोमा दुवै व्यक्ति एउटै हुन् वा होइनन् ? उक्त कि.नं. का जग्गाहरु हालसम्म किन श्रेस्ता कायम नभएको हो ? माथि उल्लेखित कि.नं. का जग्गाहरु मृतकका नाममा श्रेस्ताकायम गरी निवेदकहरु धन ब. सोमै, किमीसरा सोमै र खेम बहादुर सोमैको नाउँमा संयुक्त नामसारी गरिदिंदा अन्य कोही कसैलाई असर पर्छ की पर्दैन ? निवेदकहरुको मागदावी बमोजिम श्रेस्ताकायम नामसारी गरिदिन मिल्छ कि मिल्दैन? मृतकका नाममा श्रेष्ता कायम गरी निवेदकहरुका नाममा संयुक्त नामसारी गरिदिंदा कोही कसैलाई असर पर्ने भएमा वा श्रेस्ताकायम गरी नामसारी गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाणसहित उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ ।

इति सम्बत २०८१ साल आश्विन ८ गते रोज ३ शुभम् ।

# अस्थिर चलचित्रकर्मी, आत्मालोचना गर्ने कि टकटकिने ?



नेपाली चलचित्र उद्योगमा स्थिरता कति छ ? भित्री कारण अनेक होलान्, तर आवरणमा स्थिरता कमै देखिन्छ । निर्माण घोषणा गरिएका चलचित्र बन्दैनन् । लक भइसकेका कलाकारले छोड्छन् । निर्देशकसम्म नै परिवर्तन हुन्छन् । रिलिज डेट लक गरिसकेका चलचित्रको मिति नै परिवर्तन हुन्छ । यसको पछिल्लो उदाहरणका रूपमा 'मायावी', 'सानो संसार', 'आउट ल : दफा २१९' र 'ह्रस्व दीर्घ'लाई लिन सकिन्छ । 'मायावी' कात्तिक १५ गते रिलिज हुने तय थियो । तर, अन्तिम समयमा आएर यसले रिलिज डेट परिवर्तन गर्‍यो । अब यो चलचित्र पुस २६ गते रिलिज हुनेछ ।

'ह्रस्व दीर्घ' पटक-पटक रिलिज डेट परिवर्तन गर्दै आएको चलचित्र हो । यसको रिलिज डेट कहिले अगाडि सर्दै आएको छ त कहिले पछि सर्दै आएको छ । अहिले कात्तिक ३० गते रिलिज हुने भनिएको यो चलचित्र असोज ११ गते आउने तय थियो । त्यसपछि फेरि संविधान दिवसको अवसर पारेर असोज ३ मा आउने भन्दै निर्माणपक्षले प्रचार गरेको थियो । 'आउट ल : दफा २१९' असोज ३ गते रिलिज हुने निर्माणपक्षले जनाएको थियो । तर, यो चलचित्र पनि पूर्वनिर्धारित मितिमा रिलिजमा आउन सकेन । चलचित्र 'सानो संसार'ले पनि अन्तिम समयमा आएर रिलिज डेट परिवर्तन गर्‍यो । असोज १७ गते घटस्थापनाका दिन रिलिज हुने भनिएको यो चलचित्र एक हप्ता अगाडि सरेको छ । अर्जुन कुमार निर्माता रहेको यो चलचित्र अब असोज ११ गते प्रदर्शनमा आउनेछ । यी तीन चलचित्रले नेपाली चलचित्रकर्मी आफैंमा स्थिर र ढुक्क नरहेको प्रस्ट पार्छ । यसका पछाडि विभिन्न कारण रहेको चलचित्रकर्मी बताउँछन् । चलचित्र 'मायावी' निर्देशक दिवाकर भट्टराई तीन चलचित्र एकैदिन रिलिज हुने भएपछि आफू पछि हटेको बताउँछन् । "म आउनुभन्दा अगाडि एक्टरले रिलिज डेट लिएको थियो । तर, पछि त्यही डेटमा 'पूर्णबहादुरको सारङ्गी' पनि आउने भएपछि म पछि हटेको हुँ," दिवाकर भन्छन्, "'नरसिंहा अवतार'को छायांकन पनि यही समयमा परेका कारण पनि म पछि हटेको हुँ । यदि, छायांकन नभएको भए म पछि हट्ने थिइनँ ।" दुईभन्दा धेरै चलचित्र एकैदिनमा आउँदा शो धेरै नपाउने समस्या हुने उनको भनाइ छ । तीन करोड लगानी भएको चलचित्र देशभर रिलिज गरेर १५/२० शोमा सीमित हुँदा लगानी सुरक्षित गर्न कठिन हुने उनी बताउँछन् । "वितरकसँग सल्लाह हुँदा उताबाट पनि तीनवटा चलचित्र एकैदिन रिलिज हुँदा स्क्रिन धेरै पाइँदैन भन्ने भयो । निर्देशक वा निर्मातासँगको इगोका कारण पनि चलचित्र एकैदिन भिडिरहेका हुन्छन्," उनले भने, "अरूको पैसा हो, लगाइदिऊँ न भन्ने गैरजिम्मेवारपनका कारण पनि तीनवटा चलचित्र एकैदिन आइरहेका हुन्छन् । तर, मैले त्यसो गर्न चाहिनँ ।" मिति परिवर्तन हुँदैमा त्यति धेरै असर नपर्ने उनको जिकिर छ । कन्टेन नै मुख्य विषय भएको भन्दै चलचित्र बलियो भए अरू कुराले फरक नपार्नेमा उनी जोड दिन्छन् । "नेपालमा फलानो हिरोको चलचित्र यो दिन आउँदै छ, फलानो निर्देशकको चलचित्र यो दिन आउँदै छ भनेर पर्खिने कोही छैन," उनी भन्छन् । बलिउडमा पनि ठूला स्टार र चलेका ब्यानरकै सिनेमाका रिलिज डेट परिवर्तन हुने गरेको उनी सुनाउँछन् । पछिल्लो उदाहरण 'पुष्पा-२' लाई दिँदै उनी भन्छन्, "त्यस्ता ठूला स्टारका चलचित्र त सरिरहेका छन् । नेपालमा त कुनै त्यस्तो कलाकारको त्यति धेरै स्टारडम पनि छैन । कुनै त्यस्तो निर्देशक पनि छैन, जसको चलचित्र म फलानो मितिमा आउँदै छ र हेर्न जान्छु भनेर बस्ने ।"

राम्रो चलचित्र बनेको/बनाएको अवस्थामा मिति अगाडि वा पछाडि सर्दैमा केही फरक नपर्ने उनी बताउँछन् । निर्माण सकिएर टेक्निकल रूपमा चलचित्र रिलिज हुन नसक्नु र निर्माण नै सम्पन्न नभएर पछि सर्नुमा निर्देशक र निर्माता दुवैको कमजोरी हुने निर्देशक सुवर्ण थापा टिप्पणी गर्छन् । मेकरलाई कुन समयमा आफ्नो चलचित्रको काम हुन्छ भन्ने ज्ञान हुनुपर्ने उनी बताउँछन् । "प्रि-प्रोडक्सनको काम कहिले हुन्छ, छायांकन कहिले हुन्छ, प्रोस्ट-प्रोडक्सनको काममा कति समय लाग्छ भन्ने योजना बनाएर काम गर्नुपर्छ," सुवर्ण भन्छन्, "यदि, हामीले योजनाबद्ध रूपमा काम गर्न सक्दैनौं भने त्यो निश्चय नै हाम्रो कमजोरी हो । हामी आत्मालोचना गर्दैनौं होला, त्यो बेग्लै कुरा हो ।" चलचित्र 'ह्रस्व दीर्घ' र 'आउट ल : दफा २१९' ले समयमै काम नसकिएकाले थप समय चाहिएको भन्दै पूर्वनिर्धारित समयमा प्रदर्शनमा आउन नसक्ने बताएका थिए । 'ह्रस्व दीर्घ'ले भीएफएक्सको काम नसकिएकाले समयमै आउन सकेको बताएको थियो । 'आउट ल : दफा २१९'ले केही छायांकन र पोस्टको काम बाँकी रहेकाले तोकिएको समयमा रिलिज सम्भव नरहेको भन्दै माफी मागेको थियो । आफूले क्यालेन्डर बनाएर त्यसलाई पछ्याउँदै जानुपर्नेमा सुवर्णको जोड छ । "ओलम्पिकमा सहभागी हुनु पनि छ । सहभागी हुन्छु भनेर नाम पनि टिपाउने तर तयारीचाहिँ नगरेजस्तो भयो," उनी भन्छन्, "ओलम्पिकमा तयारी नगरेपछि जसले तयारी गरेको छ उसले जित्छ । यस्तै भइरहेको छ हाम्रोमा, काम समयमा नगर्ने तर पहिल्यै रिलिज डेट लिएर बस्ने ।" अनुभवी मेकरले कुन समयमा कुन चलचित्र रिलिज हुन्छ, कुनकुनसँग प्रतिस्पर्धा गर्न सकिन्छ भन्ने पहिला नै तयारी गरिसक्ने उनको भनाइ छ । "म सिनेमाको प्रि-प्रोडक्सनमा छु भने मसँगै कुनकुन चलचित्र छायांकनमा जाँदै छन्, को निर्देशकको कुन जानराको चलचित्र हो त्यो मलाई प्रि-मा हुँदै थाहा हुनुपर्छ," उनी भन्छन्, "मेरा सम्भावित प्रस्पिर्धी यी हुनसक्छ, यो चलचित्र यो डेटमा आउन सक्छ, यो जानराको चलचित्रसँगै म आउने कि नआउने, मेरो चलचित्रका दर्शक र मसँगै आउन सक्ने चलचित्रका लक्षित दर्शक को हुन् भनेर मैले पूर्वयोजना बनाएर काम गर्न सकिनँ भने कमजोरी पनि मेरै हो ।"

इन्टरनेसनल फेस्टिभलमा जाने चलचित्रले झनै धेरै पूर्वतयारी र टाइट सेड्युलमा चल्नुपर्ने उनी बताउँछन् । अधिकांश फेस्टिभलमा करिब तीन महिनाअगाडि नै फाइनल कपी बुझाइसक्नुपर्ने उनी सुनाउँछन् । कुन फेस्टिभलले कहिले सिनेमा आह्वान गर्छन्, कहिलेसम्म सिनेमा बुझाउनुपर्छ, त्यसपछि नेपाल रिलिज कहिले गर्नेजस्ता कुराको क्यालेन्डर बनाएर सोहीअनुसार चल्नुपर्ने र नसके त्यसको कमजोरी स्वीकार्न तयार हुनुपर्ने सुवर्णको धारणा छ । सिनेमाको क्यालेन्डर बनाएर काम गर्न नसक्ने मेकरले कस्तो सिनेमा बनाएको होला भनेर प्रश्न उठाइनु स्वाभाविक भएको भन्दै उनी स्पष्ट पार्छन्, "आफैंले तोकेको समयमा चलचित्र बनाउन सकिँदैन भने यसबारे प्रश्न उठ्नु स्वाभाविक हो । कमजोरी मेरो हो वा होइन भनेर मेकरले आत्मालोचना गर्नुपर्छ ।" निर्माता प्याट्रिक सुवेदी नेपालमा कलाकार परिवर्तन, क्यालेन्डरअनुसार काम नसक्नु र रिलिज डेट परिवर्तन गर्नु सामान्य भए पनि विदेशमा भने यसले ठूलो समस्या सिर्जना गर्ने बताउँछन् । नेपालमा रिलिज डेट परिवर्तन हुँदा विदेशमा नेपाली चलचित्र रिलिज गर्न समस्या हुने उनको अनुभव छ । "नेपालमा त रिलिज डेट परिवर्तन नहुँदा वितरकलाई, हललाई 'यस्तोयस्तो भयो दाइ' भन्दा सबैले बुझिदिन्छ," प्याट्रिक भन्छन्, "तर, विदेशमा त्यस्तो हुँदैन । दुई महिनाअगाडि हलसँग सम्झौता गर्नुपर्छ । एकपटक सम्झौता गरेपछि त्यसलाई परिवर्तन गर्न कठिन हुन्छ ।" विश्वभरबाट आएका चलचित्र देखाउने हलमा मुस्किलले गरेको सम्झौताबाट पछि हट्न कठिन हुने उनको अनुभव छ ।

नेपालमा भने अन्तिम समयमा आएर काम सकिएन भन्ने, रिलिज डेट परिवर्तन गर्ने, एकैदिन धेरै चलचित्र आए भनेर पछि हट्ने गरिएको उनी सुनाउँछन् । "अमेरिकामा पनि शुक्रबार नै चलचित्र रिलिज हुन्छन् । हामीले 'छक्का पञ्जा' एकैदिनमा रिलिज गर्ने भनेर थिएटर चेनसँग 'ठूलो चलचित्र हो, यस्तो हिस्ट्री छ' भनेर बल्ल मनाएका छौं," प्याट्रिक भन्छन्, "यदि, यो चलचित्रको काम सकिएन, त्यसैले दसैँमा रिलिज गर्न सकिएन भन्ने हो भने उता हामीले गरेको सम्झौता के हुन्छ ?" कलाकार परिवर्तनलाई पनि सामान्य मानिए पनि त्यसले ठूलो असर गर्ने उनको भनाइ छ । चलचित्र छायांकनमा जानुअगाडि र पछाडिको कलाकारको लाइनअप नै फरक हुने गरेको भन्दै यसले समेत ठूलो असर गरिरहेको उनी सुनाउँछन् ।

*-बाह्रखरी डटकम*

# छुट्टाछुट्टै घटनामा ११ जनाको मृत्यु

**पाल्पा,** असोज ८/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा ११ जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार पाल्पा, रौतहट, पाँचथर, सिन्धुली, बाँके, दाङ, सर्लाही, सल्यान, सिराहा, चितवन र मोरङमा भएका छुट्टाछुट्टै घटनामा ११ जनाको मृत्यु भएको हो ।



पाल्पाको तिनाउ गाउँपालिका-३ पावरहाउसस्थित तिनाउ खोलाले बगाएर भारतीय नागरिकको ज्यान गएको छ । भारत उत्तर प्रदेश आग्रा घर भएका २६ वर्षीय विशाल कुमार जातवको खोलाले बगाएर मृत्यु भएको प्रहरीले जनाएको छ । पौडी खेल्ने क्रममा उनलाई खोलाले बगाएको थियो । यस्तै रौतहटको माधवनारायण नगरपालिका-८ बस्ने १८ वर्षीय श्यामलाल सहनीको बागमती खोलामा डुबेर मृत्यु भएको छ । माछा मार्ने क्रममा सोमबार दिउँसो डुबेर बेपत्ता भएका उनको खोजी गर्ने क्रममा मंगलबार बिहान शव फेला परेको हो । यस्तै पाँचथरको मिक्लाजुङ गाउँपालिका-४ माल्टेनि गाउँ बस्ने ३८ वर्षीया संगिता मगर सोही ठाउँस्थित सडक छेउमा मृत अवस्थामा फेला परेकी छन् । सिन्धुलीको कमलामाई नगरपालिका-८ पुरानो करकरे बस्ने ३३ वर्षीय काजी बिक पनि आफ्नै घर नजिकै धान खेतमा मृत अवस्थामा फेला परेका छन् । यस्तै बाँकेको नरैनापुर गाउँपालिका-६ जमुनी चोकका २२ वर्षीय सुकई यादव सोही ठाउँ बस्ने सदान्नद मौर्यको घर अगाडि मृत अवस्थामा फेला परेका प्रहरीले जनाएको छ । दाङको तुलसीपुर उपमहानगरपालिका-१९ छिल्ली खोला बस्ने ७२ वर्षीय पल बहादुर बुढाथोकी पनि सोही ठाउँस्थित आफ्नै खेतमा सोमबार मृत अवस्थामा फेला परेका छन् । सर्लाहीको बागमती नगरपालिका-२ सुखा हरिवन खोला किनारमा पनि सोही ठाउँ बस्ने ५५ वर्षीय देबी बहादुर कार्कीको मृत अवस्थामा शव फेला परेको छ । उता सल्यान, शारदा नगरपालिका-१३ अत्तरकाँडास्थित घरमा सोही नगरपालिका-१३ बागमारे घर भएकी ६५ वर्षीया पोक्सरी बुढाथोकी पनि मृत अवस्थामा फेला परेकी छन् । यस्तै सिराहाको बरियारपट्टी गाउँपालिका-३ नेपाल भारत बोर्डर सिमास्थित हाल नाम, थर, वतन नखुलेका अन्दाजी ३१ वर्षीय पुरूषको पनि मृत अवस्थामा शव फेला परेको छ । चितवनको माडी नगरपालिका-२ चिरौलीस्थित सडक छेउमा सोही नगरपालिका-४ बस्ने ८० वर्षीय देबबहादुर घर्ति मृत अवस्थामा फेला परेका छन् । यस्तै मोरङको विराटनगर महानगरपालिका-१६ हुलास रोडको बाटो छेउको नालीमा हाल नाम, थर, वतन नखुलेकी अन्दाजी ३० वर्षीया महिला सोमबार मृत अवस्थामा फेला परेकी छन् । सबै घटनाहरुको विषयमा थप अनुसन्धान भइरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

## खेलकुद समाचार

# एन्फा लिगमा आर्मीले वालिङलाई हरायो



**काठमाडौँ,** असोज ८/रएन्फा महिला लिग फुटबलमा त्रिभुवन आर्मी क्लबले स्याङ्जाको वालिङ नगरपालिकालाई हराएको छ ।

ललितपुरको सातदोबाटोमा रहेको एन्फा कम्प्लेक्सको मैदानमा मंगलबार भएको खेलमा आर्मीले वालिङलाई आठ-शून्य गोलले हरायो । आर्मीका लागि चन्द्रा भण्डारीले ह्याट्रिक गरिन् । यस्तै विमला विके र अमिशा कार्कीले समान २ गोल गरे । आर्मीले एक गोल आत्मघाती उपहार पायो । यो जीतसँगै आर्मी ८ खेलमा १९ अंकका साथ तालिकाको दोस्रो स्थानमा छ । वालिङ ८ खेलमा १२ अंकसहित चौथो स्थानमा छ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से निरन्तर ओरालोमा



**काठमाडौँ,** असोज ८/धितोपत्र बजारमा मंगलबार शेयर कारोबार मापक नेप्से परिसूचक झण्डै ५९ अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ५८ दशमलव ९३ अंकले ओरालो लागेर दुई हजार चार सय ७० दशमलव ३९ मा सिमित भएको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने 'सेन्सेटिभ' परिसूचक नौ दशमलव ५२ अंकले ओरालो लागेर चार सय ४४ दशमलव ८८ मा सिमित भएको छ । कारोबार भएका १३ वटा उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ । कुल एक करोड ५५ लाख चार हजार नौ सय २९ कित्ता शेयर रु पाँच अर्ब ६८ करोड ९५ लाख ६१ हजार तीन सय ५६ मूल्यमा खरिद बिक्री भएका छन् । नेप्सेका अनुसार, स्वरोजगार लघुवित्त आठ दशमलव ८१, अप्पर स्याङ्गे हाइड्रोपावर सात दशमलव ८३, एनआइबिएल ग्रोथ फन्ड चार दशमलव ८५, इन्नवा हाइड्रोपावर चार दशमलव १४ र नबिल ब्यालेन्स फन्ड तेस्रोका लगानीकर्तोले चार दशमलव शून्य आठ प्रतिशतले कमाएका छन् । हिमालयन हाइड्रोपावर १०, नेपाल फाइनान्स आठ दशमलव ७४, बुद्धभूमि नेपाल हाइड्रोपावर सात दशमलव ९६, श्वेतगङ्गा हाइड्रोपावर सात दशमलव ६२ र एनआइसी एसिया फ्लेक्सी क्याप फन्डका लगानीकर्ताले सात दशमलव ५५ प्रतिशतले गुमाएका छन् ।

# मौसममा फेरि बदली...

... साथै कोशी प्रदेश, बागमती, गण्डकी, लुम्बिनी प्रदेशका तराई तथा मधेश प्रदेशका केही स्थानहरुमा हावाहुरीको समेत सम्भावना रहेको छ ।

वर्षाले विशेषत: कृषि क्षेत्रमा असर पर्ने देखिएकाले कृषि कर्म सुरु गर्नुभन्दाअगावै अध्यावधिक मौसम जानकारी तथा पूर्वानुमान नियमित हेर्न समेत अनुरोध गरेको छ । वर्षाको कारण भू-क्षय, बाढी, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको र मनसुनमा रातीको समयमा पानी पर्ने सम्भावना बढि हुने गरेकोले शहरी तथा तराई क्षेत्रहरूमा डुबानको जोखिम रहेको, ठूला तथा खाना नदी नाला र खोलहरूमा पानीको सतह बढ्न सक्ने, दैनिक जन-जीवन, कृषि, स्वास्थ्य, पर्यटन, सडक तथा हवाई यातायात समेत प्रभावित हुन सक्ने भएकोले आवश्यक सतर्कता तथा पूर्व तयारी अपनाउनु हुन पनि सर्वसाधारण तथा सबै सरोकारवाला निकायहरूमा महाशाखाले अनुरोध गरेको छ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## नेपाल परिवार नियोजन संघ पाल्पा शाखाको अनुरोध

**एचआइभी संक्रमण नभएका तर जोखिममा भएका व्यक्तिहरुलाई एचआइभी संक्रमणबाट जोगाउनका निम्ति एचआइभीको औषधी प्रयोग गरिने विधि प्रेप हो ।**


यसर्थ,

- एचआइभी संक्रमणबाट बच्न प्रेपको प्रयोग गरौं ।
- चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह बमोजिम औषधी नियमित सेवन गरौं ।
- एचआईभी संक्रमण नभएका महिला वा पुरुषहरुले आफ्नो एचआईभी संक्रमित यौन साथीसँग मिलेर गर्भधारण गर्न चाहेमा, प्रेपको प्रयोग गरेर एचआईभीबाट सुरक्षित रही गर्भधारण गर्न स्वास्थ्यकर्मीसँग उचित परामर्श लिऔं ।
- प्रेप सुरक्षित छ । प्रेप लिने केहि व्यक्तिहरुमा यसका सामान्य नकारात्मक असरहरु जस्तै पेट दुख्ने, रिंगटा लाग्ने, ठाउको दुख्ने वा भोक कम लाग्ने जस्ता समस्याहरु देखिन सक्छन् तर यी प्राय: केही दिनमा आफै हराएर जान्छन् तर मृगौलाको समस्या हुनेहरुले भने प्रेप प्रयोग नगरौं ।
- प्रेपले यौन रोगहरु जस्तै सिफिलिस, हेपाटाइटिस, गोनोरिया वा क्लाइमेडियाबाट बचाउँदैन । त्यसैले प्रेपको प्रयोग कण्डम वा लुब सँगसँगै हुनुपर्छ ।
- परिवार नियोजन संघ पाल्पाको परिवार स्वास्थ्य क्लिनिकमा यो सेवा नि:शुल्क रहेकाले सम्पर्क राख्न सकिने छ ।

FPAN नेपाल परिवार नियोजन संघ
तानसेन-६, पाल्पा
फोन नं. ०७५५२०७२३

# हार्दिक समवेदना

**आयो टप्प टिपी लग्यो मिति पुग्यो टारेर टार्दैन त्यो ।**
**इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो ।।**



जन्म — जन्म : २००४/११/१९

दिवंगत — स्वर्गारोहण : २०८१/०६/०२

**स्व.देवेन्द्रबहादुर रायमाझी**

होटल तानसेन भ्यू प्रालिका सञ्चालक राजन रायमाझी तथा निराजन, मिलन, बद्री, छोरीहरु सावित्रा, तारा, रस्मीका पूजनीय पिता, राधादेवी/कौसीला रायमाझीका श्रीमान, बुहारीहरु रचना, शर्मिला, पुष्पा र सुनिता रायमाझीका ससुरा बुवा, सामाजिक व्यक्तित्व, एक कुसल राष्ट्रसेवक देवेन्द्रबहादुर रायमाझीको यही मिति २०८१ असोज २ गतेका दिन ७८ वर्षको उमेरमा भएको दुखद् निधनले होटल परिवार अत्यन्तै स्तब्ध भएको छ । साथै यस दु:खद् घडीमा दिवंगत आत्माको स्वर्गमा वास होस् भनी चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भनी भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

रामबहादुर थापा गाहा, व्यवस्थापक एवं गीता थापा, सञ्चालक

**होटल तानसेन भ्यू प्रालि तानसेन, पाल्पा परिवार**


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई